गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
शरद चन्द्र पौडेल
नेपाल सरकारको सचिव

नेपाल सरकार

## सहरी विकास मन्त्रालयको सूचना

नेपाल सरकारले काठमाण्डौ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ९ वा २१ बमोजिम प्राधिकरणले दिएको आदेश उपर पुनरावेदन सुन्न ऐनको दफा २३ को उपदफा ३२.२ बमोजिम देहाय बमोजिमको पुनरावेदन समिति गठन गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. भीम बहादुर बोहरा, न्यायाधीश, पुनरावेदन अदालत, पाटन - अध्यक्ष
२. खगेन्द्र कुमार राउत, हडिया- ७, उदयपुर - सदस्य
३. शशी बहादुर थापा, का.म.न.पा- १४, काठमाण्डौ - सदस्य

आज्ञाले,
अर्जुन कुमार कार्की
नेपाल सरकारको सचिव



४५६१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकार (मा.मन्त्रीस्तर) ले रेडियो संचार (लाईसेन्स) नियमावली, २०४९ को नियम (१८) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी हाललाई अधिकतम १५ मिटर भौगोलिक दूरीभित्र काम गर्ने (मिलाप गर्ने) प्रकृतिको Short Range Devices (SRD's) र Low power Devices (LPD's) (जस्तै Cordless key system, cordless battery charger system, Radio Frequency Identification (RFID), Wireless Inductive charger जस्ता उपकरणहरु) राख्न तथा प्रयोग गर्नको लागि लाईसेन्स लिनु नपर्ने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
**सुनिलबहादुर मल्ल**
नेपाल सरकारको सचिव

नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण, नेपालगञ्जको कानून सदस्य एवं अध्यक्षमा पुनरावेदन अदालत नेपालगञ्जका माननीय न्यायाधीश श्री रामकृष्ण खनाल र लेखा सदस्यमा कोष तथा लेखा नियन्त्रक कार्यालय, नेपालगञ्जका प्रमुख कोष नियन्त्रक श्री लालबहादुर कार्कीलाई तोकेको छ ।

आज्ञाले,
**भेषराज शर्मा**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।